नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९४ दायर मिति:-२०८१/०८/१७**

**फैसला मितिः-२०८१/०९/०४**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **करण रामको जाहेरीले** | **जिल्ला बारा जितपुरसिमरा उ.म.न.पा.वडा नं.८ बस्ने अमित राउत** |
| **नेपाल सरकार..........................१** | **कुर्मीको छोरा वर्ष २२ को रोहित पटेल** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका धर्मदेव प्रसाद साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।८।६ गते अ.१३:३० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.९ स्थित सडकमा मैले रोकी राखेको साईकलमा प्रतिवादी रोहित पटेल बसी अनावश्यक रुपमा साईकल चलाई रहेको देखि सोधपुछ गर्दा निजले आवेशमा आई अश्लिल गाली गलौज गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी रोहित पटेलले जाहेरवालाको साईकल चलाई रहेको देखि सोधपुछ गर्दा निजले जाहेरवालालाई गाली गलौज गर्दै अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रोहित पटेललाई कैद दिन २१ र जरिवाना रु.१००००/- अक्षेरुपी दस हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी रोहित पटेललाई ठहरेको कैद दिन २१ को हकमा निज मिति २०८१/०८/०६ देखि २०८१/०८/२६ सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.१४९/२०८१/०८/२७ बाट दाखिला गरेको धरौटी रकम रु.२५०००/- बाट जरिवाना रकम रु.१००००/- कट्टी गर्नु र बाँकी रकम रु.१५०००/- प्रतिवादीलाई फिर्ता गर्नु -----------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ पौष महिना ४ गते विहीवार रोज ५/ ने.सं. ११४५ थिंलागा चतुर्थी, शुभम् ........